# त्रिभुवन विश्वविद्यालय
# Tribhuvan University
## कानून संकाय
## Faculty of Law

मिति : २०७४/०९/०३

विषय : **बी.ए.एल्एल्.बी. प्रवेश परीक्षा २०७४ को नतिजा सम्बन्धि सूचना**

यस संकायद्वारा मिति २०७४ साल मंसीर ०२ गते सञ्चालित बी.ए.एल्एल्.बी. प्रवेश परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरुको लिखित प्रवेश परीक्षाको नतिजाको आधारमा कोटासहित त्रि.वि. का आंगिक क्याम्पसहरु नेपाल ल क्याम्पस, काठमाडौंको लागि १०५, पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखराको लागि समूहका ७० र त्रि.वि. को सम्वन्धन प्राप्त क्याम्पस नेशनल ल कलेज, पुल्चोकको लागि १०५ गरी जम्मा २८० सीटका लागि मात्र योग्यताक्रम (Merit-List) मा रहेका परीक्षार्थीहरुको नतिजा प्रकाशित गरिएको छ ।

१. योग्यताक्रम (Merit-List) मा रहेका परीक्षार्थीहरुले सम्बन्धित क्याम्पसहरुले भर्नाका लागि सूचना प्रकाशित गरी तोकेको मितिभित्र सम्पर्कमा आएका योग्यताक्रम (Merit List) मा रहेका परीक्षार्थीहरु मध्येबाट आफूले भर्ना गर्न पाउने जम्मा सीट संख्यामध्ये ३५ जना परीक्षार्थीहरुको एक/एक समूह कायम गरी प्रत्येक समूहका लागि तथा तपशील बमोजिम सम्बन्धित वर्गका लागि छुट्याईएको स्थानमा सम्बन्धित वर्गका परीक्षार्थीहरुबीचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रममा रहेका परीक्षार्थीहरुको भर्ना लिनुपर्नेछ । वर्गीकृत् समूहमा भर्नाको लागि न्यूनतम ४० अंक प्राप्त गरेका योग्य उम्मेदवार नभएमा योग्यताक्रममा रहेका अन्य परीक्षार्थीलाई भर्ना लिनु पर्नेछ ।

# त्रिभुवन विश्वविद्यालय

## Tribhuvan University

## कानून संकाय

## Faculty of Law

तपशिल

| **बी.ए. एल्एल्.बि..(दश सेमेष्टर)** | **कोटा प्रतिशत** | **नेपाल ल क्याम्पस** | **नेशनल ल कलेज,** | **पृथ्वीनारायण ब. क्याम्पस, पोखरा** |
|---|---|---|---|---|
| बर्गीकृत समूह | | १०५ संख्या | १०५ संख्या | ७० संख्या |
| क) महिला | ३३ % | ७ जना | ७ जना | ५ जना |
| ख) आदिवासी जनजाति | २६ % | ५ जना | ५ जना | ४ जना |
| ग) मधेशी | २१ % | ४ जना | ४ जना | ३ जना |
| घ) दलित | ८ % | २ जना | २ जना | १ जना |
| ङ)<br>१. अपाङ्गता,<br>२. पीछडिएको क्षेत्र -नेपाल सरकारले तोकेको पीछडिएको क्षेत्रबाट एस एल सी/, एस ई ई उत्तिर्ण गरेको हुनुपर्नेछ ।)<br>३. जनआन्दोलन २०६२।०६३, माओवादी जनयुद्ध, मधेश आन्दोलनका घाइते<br>४. शहीद परिवार | ४ %<br>४ %<br>२ %<br>२ % | जम्मा ३ जना सबैका लागि | जम्मा ३ जना सबैका लागि | जम्मा १ जना |
| **जम्मा** | | **२१ जना जम्मा** | **२१ जना जम्मा** | **१४ जना जम्मा** |

**द्रष्टब्यः** आदिवासी जनजातिका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप टप टु बटमको आधारमा भर्ना लिनु पर्नेछ ।

२. विभिन्न वर्गका विद्यार्थीहरुको लागि छुट्याइएको सीटमा प्रवेश परीक्षाको न्यूनतम् ४०% (चालीस प्रतिशत) अंक प्राप्त नगरेमा वा सो वर्गका विद्यार्थीहरु भर्ना नभई कुनै सीट खाली हुन आएमा योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनुपर्नेछ ।

३. तोकिएको मितिभित्र कुनै विद्यार्थी भर्ना नभई सीट खाली हुन आएमा योग्यताक्रममा रहेका विद्यार्थी मध्येबाट भर्ना लिनुपर्नेछ ।

# त्रिभुवन विश्वविद्यालय

## Tribhuvan University

## कानून संकाय

### Faculty of Law

४. भर्ना हुँदाका समयमा विद्यार्थीहरुले आफ्नो शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र र त्रि.वि. भन्दा बाहिरका शिक्षण संस्थाबाट आएका विद्यार्थीहरुले त्रि.वि.बाट मान्यता प्राप्त भएको समकक्षता (equivalence) प्रमाणपत्रसमेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

५. भर्ना हुनका लागि पेश गरिएका प्रमाणपत्रहरु नक्कली भएको ठहरिएमा वा पेश गर्नुपर्ने प्रमाणपत्र पेश नभई भर्ना भएको पाइएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी खाली हुन आउने स्थानमा योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनुपर्नेछ ।

६ सम्बन्धित क्याम्पसहरुले प्राप्त हुन आएका आवेदनमध्येबाट भर्नाका लागि योग्यताक्रम (Merit List) प्रकाशित गर्दा सम्पूर्ण आवेदकहरुको नामावली प्रकाशित गरी सो को जानकारी भर्ना अगाडि नै तत्काल कानून संकाय, डीनको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

७) सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण अन्तिम भर्ना गरेको मितिले १५ दिनभित्र डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

८) कुनै क्याम्पसले नियमानुसार भर्ना नगरेको कुराको उजूरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबीन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानविनबाट नियम विपरीत भर्ना भए /गरेको पुष्टि भएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाको लागि डीन कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शूल्क सम्बन्धित क्याम्पसले फिर्ता गर्नुपर्नेछ ।

९) यो नतिजा नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा उपलब्ध गराइने छात्रवृत्तिको लागि समेत लागु हुनेछ।

१०) प्रकाशित नतिजामा कुनै त्रुटि भएमा अभिलेख अनुसार सच्याईनेछ ।

११) यो सूचना www.fol.edu.np तथा www.nlc.edu.np मा समेत हेर्न सकिनेछ ।

---------------------------------------

प्रा.डा. ताराप्रसाद सापकोटा

डीन